महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

महाजारगंज नगरपालिका
कपिलवस्तु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. १२४

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
महाजारगंज पालिका, नगर कार्यपालिकाको कार्यालय,
कपिलवस्तु ।

कैफियत सहितको राय

हामीले कपिलवस्तु नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. महाराजगंज नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१६ करोड ८३ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१ करोड ५६ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ३४ लाख ५० हजार, नियमित गर्नुपर्ने रू.४२ लाख १८ हजार र पेश्की रू.१० करोड ३६ लाख ५४ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.८ करोड २१ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ४ लखा ७७ हजार रहेको छ । महाराजगंज नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. महाराजगंज नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

महाराजगंज नगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३९	२१	१६८३६५	०	०	०	३९	२१	१६८३६५	१५६३५	४२१८	४३४५०	०	१४०८	४९०७६	१०३६५४

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कपिलवस्तु	८२११२	०	०	८२११२	०	१६८३६५	२५०४७७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : महाराजगंज नगरपालिका, कपिलवस्तु , महाराजगंज नगरपालिका , कपिलवस्तु

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	रविन्द्र प्रसाद चौधरी	२०७८-११-९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Bed Prasad Kharel	२०७७-४-१	२०७८-१०-३
लेखा प्रमुख	राजेन्द्र प्रसाद चौधरी	२०७८-९-५	
लेखा प्रमुख	Dilip Kumar Singh	२०७७-४-१	२०७८-९-३०
		बेरुजु रकम	१६८,३६५,४८७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१,५२,५७,०००	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४४,८१,९२,०००	चालु खर्च	४१,५१,२८,०००
प्रदेश सरकारबाट अनुदान	४,२८,६९,०००	पूँजीगत खर्च	३७,१२,२८,०००
राजश्व बाँडफाँट	११,४७,६०,०००	वित्तीय/अन्य व्यवस्था	२१,५२,२६,०००
आन्तरिक आय	२,०९,०८,०००		
अन्य आय	१८,३३,५४,०००		
कुल आय	८१,००,८३,०००	कुल खर्च	१,००,१५,८२,०००
बाँकी मौज्दात		२,३७,५७,०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महाराजगंज नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महाराजगंज नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५८ सभा सदस्य, ११२.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ५४८०० जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणको उद्देश्य** स्थानीय तहकाे वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।	
३			**वितिय व्यवस्था** **यस वर्ष पालिकाको सुत्र (SuTRA)को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।**	

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७९,०४,१२,७६२.१३	६५,८९,०३,१३३.३५	४,५८,७४१.९२	६५,९३,६१,८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७७,७६,३३,०८५	६२,९८,७१,९२१.३३	०	६२,९८,७१,९
११००० कर	११	१६,२२,०६,५६०	१२,५६,८९,२६९.३३	०	१२,५६,८९,२
१३००० अनुदान		५०,७५,४७,०८५	४९,४५,८१,०८५	०	४९,४५,८
संघीय सरकार	१२	४५,४६,२५,८९०	४५,१७,९१,८९०	०	४५,१७,९
प्रदेश सरकार	१२	५,०५,५१,०००	४,२१,६९,०००	०	४,२१,६
जनसहभागिता		२३,७०,१९५	६,२०,१९५	०	६,२
१४००० अन्य राजस्व		१०,७८,७९,४४०	९६,०१,५६७	०	९६,०
१५००० विविध प्राप्ति		०	०	०	
ख. अन्य प्राप्ति		१,२७,७९,६७७.१३	२,९०,३१,२१२.०२	४,५८,७४१.९२	२,९४,८९,९
वितरण गर्न बाकी राजस्व		०	१८,४४,०००	०	१८,४
कोषहरु		१,२७,७९,६७७.१३	१,७६,२९,६२१.१३	४,५८,७४१.९२	१,८०,८८,३
धरौटी		०	९५,५७,५९०.८९	०	९५,५७,५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	
भुक्तानी (ग+घ)		१,०२,७८,३५,८०९.३१	७८,९२,५४,५३८.६३		७८,९२,५४,५
ग. भुक्तानी (सञ्चित कोषबाट)		१,०१,५०,५६,१३२.१८	७७,४९,१५,९२४.९६		७७,४९,१५,९
२१००० पारिश्रमिक / सुविधा	१८	१९,६३,०४,८९०	१६,६०,६१,६८१.२५	०	१६,६०,६१,६
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१८,५८,६०,१९५	१३,८६,५९,४६०.२०	०	१३,८६,५९,४
२५००० सहायता (Subsidy)	१८	१,२९,५६,०००	९३,७५,६९५.५३	०	९३,७५,६
२६००० अनुदान	१८	१,२०,५०,०००	९६,५०,०००	०	९६,५
२७००० सामाजिक सुरक्षा	१८	३७,४८,०००	२३,२६,०००	०	२३,२
२८००० अन्य खर्च	१८	७,७८,१८,०४७.१८	७,७६,१५,१२२.१८	०	७,७६,१५,१
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	५२,६३,१९,०००	३७,१२,२७,९६५.८०	०	३७,१२,२७,९
घ. अन्य भूक्तानी		१,२७,७९,६७७.१३	१,४३,३८,६१३.६७		१,४३,३८,६
कोषहरु		१,२७,७९,६७७.१३	१,११,९८,६८५.५६	०	१,११,९८,६
धरौटी		०	५०,७६,८५७.०७	०	५०,७६,८
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१९,३६,९२८.९६)		(१९,३६,९२
ङ. यो वर्षको बचत (न्युन)		(२३,७४,२३,०४७.१८)	(१३,०३,५१,४०५.२८)	४,५८,७४१.९२	(१२,९८,९२,६६
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२२,०८,२४,२६७.२७		२२,०८,२४,२६
वर्षान्तको बाकी रकम (ङ + च)		(२३,७४,२३,०४७.१८)	९,०४,७२,८६१.९९	४,५८,७४१.९२	९,०९,३१,६
बैंक तथा नगद बाकी	२४		९,५०,३९,८७७.०१		९,५०,३९,८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाकत्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

(रू.हजारमा)

<table>
<tr><th>विवरण</th><th>म.ले.प.फा.नं. २७२</th><th>एकीकृत आय व्यय विवरण</th><th>फरक</th></tr>
<tr><td>गत वर्षको अल्या</td><td>२२०८२५</td><td>२१५२५७</td><td>५५६८</td></tr>
<tr><td>यस वर्षको आम्दानी</td><td>६५९३६२</td><td>८१००८३</td><td>(१५०७२१)</td></tr>
<tr><td>यस वर्षको खर्च रकम</td><td>७८९२५५</td><td>१००१५८३</td><td>(२१२३२८)</td></tr>
<tr><td>बाँकी मौज्दात</td><td>९०९३२</td><td>२३७५७</td><td>६७१७५</td></tr>
</table>
लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।म.ले.प.फा.नं. २७२ अनुसार एकीकृत आय व्यय विवरणमा घटी रहेको रु ६७१७५०००। को हिसाब मिलान हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>खरिद व्यवस्थापन</td><td></td></tr>
<tr><td>४.१</td><td>१३५</td><td>२०७७-११-२१</td><td>मूल्य अभिवृद्धि कर बिजकः- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था रहेकोमा हाइड्रोकोन नेपाल प्रा.लि. (पान नं. ६०६८००८९१) ले जारी गरेको बिजकको फोटो कपी वीलको</td><td>४४,२००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा पर्यटन विकास गुरूयोजना तरायी वापत रु. ३०८४२००।-भुक्तानी गर्दा मू.अ.कर वापत रु. ४४२०० भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु	
४.२			बीमा नगराएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम विमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । यस प्रयोजनको लागि निर्माण व्यवसायीले सोही रकम कवुल गरी ठेक्का सम्झौता समेत गरेकोमा देहाय अनुसारका कार्यमा निर्माण कार्यको रनिङ विल भुक्तानी हुँदा समेत कुनै पक्षको पनि विमा गराएको पाइएन । ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगाबै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरु अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केहि उदाहारणहरु देहाय बमोजिम छन्ः	

ठेक्का नं.	निर्माण ब्यवसायीको नाम	कार्य	लागत अनुमान	वीमाको रकम
२५-२०७६।७७	एस.के. निर्माण सेवा	सडक निर्माण	२००००००	१२०००
१४-२०७६।७७	शिवशक्ति निर्माण सेवा	सडक निर्माण	२५२०४११.३३	५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			ठेक्काको विवरण- निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।	
४.४			बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३७ करोड १२ लाख २८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
४.५			डीपीआर खर्च -बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

क्र.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	आयोजनाको लागत
१	सडक आयोजनाको डि.पि.आर	कुशल इन्जिनियरिङ्ग सर्भिसज	२५५६८९	२२४५००	६.०९ करोड
२	सिसवाको कञ्चनियादेखि सडकको डिपिआर	डोनेपाल प्रा.लि.	५०००००	४९६५००	१.३७ करोड

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू मध्ये कतिपय योजनाहरू कार्यान्वयनमा गएको समेत देखिएन ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>भौ.नं. /मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१६-२०७८/३/२३</td><td>मा.बि.बटुहानिया</td><td>३०१०८०</td></tr>
<tr><td>११-२०७८/१/३०</td><td>कालि मन्दिर निर्माण २</td><td>३५३४३२</td></tr>
<tr><td>४१-२०७८/३/३०</td><td>मा.बि.बटुहानिया</td><td>१३४७६२६</td></tr>
<tr><td>३५-२०७८/३/२९</td><td>झिन्कन प्रा.बि. भवन उ.स. ८</td><td>५५४०७९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२५५६२१७</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>जटील संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन ब्वाईलर जस्ता हेभी मेसीनहरु प्रयोग गर्न नसकिने</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार गरिबी निवारणामा प्रत्यक्ष योगदान नपुर्याउने खालका योजना छनौट गरेको तथा सार्वजनिक खरिद नियमावलीले लिएको मर्म/आपेक्षा विपरित नगरपालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :-
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="2">प्रदेश सरकारबाट हस्तान्तरित पूँजीगत कार्यक्रम</td><td></td></tr>
<tr><td>१५-२०७८/३/२३</td><td>राम जानकी आ.बि. ७</td><td>१००००००</td></tr>
<tr><td>१३-२०७८/३/४</td><td>मा.बि. बुटहानिया</td><td>६५८६५८</td></tr>
<tr><td>१६-२०७८/३/२३</td><td>मा.बि. बुटहानिया</td><td>३४१३४१</td></tr>
<tr><td>११-२०७८/१/३०</td><td>कालि मन्दिर निर्माण २</td><td>१००००००</td></tr>
<tr><td colspan="2">संघीय सरकारबाट हस्तान्तरित पूँजीगत कार्यक्रम</td><td></td></tr>
<tr><td>४५-२०७८/३/३०</td><td>देव प्रताप मा.बि.</td><td>३१०८५६२</td></tr>
<tr><td>४०-२०७८/३/३०</td><td>मा.बि. बुटहानिया</td><td>३४२४२२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>दररेट फरक

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने</td><td>१,१८८,०६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

व्यवस्था छ । नगरपालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा निम्नानुसारका कार्यको स्वीकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम भएको दर रेट भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु

भौ.नं. /मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	एकाई	परिमाण	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढी भुक्तानी दर	बढी भुक्तानी रकम (उ.स.को अंश कट्टा गरी)
१६-२०७८/३/२३	मा.बि.बटुहानिया	M20	घ.मी.	२०.४७	१४४८६	१४७०८	२२२	४०९०
११-२०७८/१/३०	कालि मन्दिर निर्माण २	M20	घ.मी.	२४.१९	१४३८९	१४६१०	२२१	४८११
४५-२०७८/३/३०	देव प्रताप मा.बि.	M20	घ.मी.	९०.०२	१४३८९	१४६१०	२२१	१७९०५
४१-२०७८/३/३०	मा.बि.बटुहानिया	M20	घ.मी.	९२.२४	१४३८९	१४६१०	२२१	१४४७३
४२-२०७८/३/३०	चुडा कुमारी सामुदायिक आ.बि. ८	M20	घ.मी.	९५.४४	१४३८९	१४६१०	२२१	१४५५३
३५-२०७८/३/२९	झिनकन प्रा.बि.कजरहवा	M20	घ.मी.	३७.६१	१४५११	१४७३२	२२१	७४८१
३३-२०७८/३/२९	कुशहवा सतभारा धर्मशाला निर्माण ७	Brick masonary 1:4	घ.मी.	१०८.४६	११२७८	१३७२४	२४४६	२३८७६४
२९-२०७८/३/२२	अल्गा कुशहवा नाली सिंचाई योजना उ.स. ७	Filling stone /boulder in gabion box	घ.मी.	८४९.१२	३१०२	४११४	१०१२	६८७४४८
९४-२०७७/१/७	मुजहनी गाउभित्र सडक स्तरोन्नति उ.स. १०	M20	घ.मी.	२१४	९२६९	९८९४	६२५	१२०३७५
२८-२०७८/३/२८	चमसठ गाउभित्र RCC नि.उ.स. १	TMT छड	के.जी.	२८५१	११४.९४	१२७.५५	१२.६१	३२३५६
१२३-२०७७/११/१७	तकदीरपुर उत्तर जाने सडक निर्माण स्तरोन्नति उ.स. ११	TMT छड	के.जी.	८९४	११४.९४	१२७.५५	१२.६१	१०१४६
११३-२०७७/११/१७	शिवपुर पल्टा गाउको पश्चिम टोलमा सडक उ.स. १	TMT छड	के.जी.	११६४	११४.९४	१२७.५५	१२.६१	१३२१०
९६-२०७७/११/७	करहवा गाउभित्र सडक स्तरोन्नति उ.स. ३	TMT छड	के.जी.	११८९	११४.९४	१२७.५५	१२.६१	१३४९४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९५-२०७७/११/७</td><td>शंकरपुरको पुर्व जाने सडक नि.उ. स. ११</td><td>TMT छड</td><td>के.जी.</td><td>७८९</td><td>११४.९४</td><td>१२७.५५</td><td>१२.६१</td><td>८९५४</td></tr>
<tr><td colspan="8">जम्मा रकम</td><td>११८८०६०</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>७.१</td><td>बिभिन्न उपभोक्ता समितिहरु</td><td>११,८८,०६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>उपभोक्ता समितिबाट खरिद</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ती व्यवस्था अनुसार निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट गिट्टी, ढुंगा, डण्डी र बालुवाको परीक्षण गराउनु</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पर्नेमा गराएको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले यसमा सुधार हुनु पर्दछ ।केही उदाहरण देहाय बमोजिम छन् ।	

भौ.नं. मिति	उपभोक्ता समिति	कामको प्रकृति	खुद भुक्तानी
३६-२०७७।९।२	शिवधारीदेखि तेनुवा कन्चुरी सम्म सडक	पीसीसी, आरसीसी	१०२३८२२.११
३७८-२०७८।३।२९	जमुनी गाउँको दलित वस्तीमा सडक	पीसीसी	१५१६६४०.५३
३६४-२०७८।३।२९	सोनवर्षा कठौतिया वाणगंगा नदीसम्म सडक	पीसीसी M 15	१३५८२९५.५८
३६५-२०७८।३।२९	सडक स्तरोन्नति वार्ड नं. ७	पीसीसी M 15	११८८२८३.७४
३६६-२०७८।३।२९	उनवलियाको मुल सडक देखि सडक	पीसीसी M 15	८८९४३१.३५
३७३-२०७८।३।२९	खगेन्द्रपुर महाराजगंज सडक	पीसीसी, आरसीसी	२००२७४३
३७५-२०७८।३।२९	खगेन्द्रपुर महाराजगंज सडक चमरसठपुल खण्ड	पीसीसी, आरसीसी	९८८४४५.९९
३७७-२०७८।३।२९	औरहवादेखि बलरमवापुर सडक	पीसीसी, आरसीसी	२९०७२५३.१६
२७१-२०७८।३।१८	बडनी गाउँको धर्मशाला	,,	४३१९२४.४२
२२०-२०७८।२।११	जमुनी गाउँको दलीत वस्तीमा सडक	पीसीसी	८५२६२१.६८
२०८-२०७८।२।११	सोनवर्षा पडरिया सडक	पीसीसी	१५१९८४९.८५
७२-२०७७।१०।२३	मुजहनी गाँउभित्र सडक स्तरोन्नति	पीसीसी M 15	१७७३४३६.६३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.३</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १८४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. १६१४५८४५२ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>नन्फाइलर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.६८८२६५.३३ समेत रू. ५९८२६१४.०२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>नन्फाइलर रहेको मिति</th><th>भुक्तानी रकम</th><th>मूअकर कर रकम</th></tr>
<tr><td>३६८-२०७८|३|२९</td><td>पि.आर. । पन्थ जे. भी.</td><td>६०७५४५११७</td><td>२०७७|M|१०</td><td>११२७१५५.१२</td><td>१२९६७२.७१</td></tr>
<tr><td>१८३-२०७८|१|३</td><td>पि.आर. । पन्थ जे. भी.</td><td>६०७५४५११७</td><td>२०७७|M|१०</td><td>४८५५४५८.९</td><td>५५८५९२.६२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>५९८२६१४.०२</td><td>६८८२६५.३३</td></tr>
</table></td><td>६८८,२६५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.५			हेभी इक्विपमेण्टको प्रयोग– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।	

गो. भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	हेभी इक्विपमेण्ट	मूल्यांकन	हेभी उपकरणमा भएको खर्च
२८५-२०७८।३।२२	९ नं. वडा कार्यालयदेखि सडक	जेसीवी, ग्रेडर	१५०००००	१२००००
२८४-२०७८।३।२२	खरेन्द्रपुर महाराजगंज सडक	,,	१२२३८३९.५६	१४००००
२८६-२०७८।३।२२	हुलाकीको भलवारीदेखि जीतपुर सडक	,,	२७३८४७.६३	१२००००
२८७-२०७८।३।२२	वगाहीया तथा मुल सडकसम्म स्तरोन्नति	,,	११६८९९५.७५	१३५०००
२८८-२०७८।३।२२	राजपुरदेखि पिच सडकसम्म स्तरोन्नति	,,	१५०००००	१४६०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९१-२०७८।३।२२</td><td>शिवभारीदेखि तेनुवा सडक</td><td>,,</td><td>१००००००</td><td>९६०००</td></tr>
<tr><td>२६१-२०७८।३।१७</td><td>शान्तिनगर शिवभरी हुँदै भारत जाने सडक</td><td>,,</td><td>४२९८७३.७८</td><td>२२६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>आ ले प</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १५ करोड ७६ लाख ८१ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. २ करोड ९ लाख ७ हजार अर्थात अनुमान भन्दा १३.२५ प्रतिशत मात्र आय प्राप्त गरेको छ ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>४५४६२५८९०</td><td>२०९०७८९२</td><td>४.६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.३</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पती कर</td><td>30000000</td><td>1032839</td><td>3.44</td></tr>
<tr><td>घरवहाल कर</td><td>5300000</td><td>555234</td><td>10.48</td></tr>
<tr><td>व्यावसाय कर</td><td>50000000</td><td>498815</td><td>1</td></tr>
<tr><td>अन्य</td><td>15000000</td><td>9341118</td><td>62.27</td></tr>
<tr><td>अन्य विक्रीबाट प्राप्त</td><td>2100000</td><td>675000</td><td>32.14</td></tr>
<tr><td>न्यायिक दस्तुर</td><td>100000</td><td>10580</td><td>10.58</td></tr>
<tr><td>नक्सा पास दस्तुर</td><td>20000000</td><td>42695</td><td>0.21</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>5000000</td><td>3105048</td><td>62.1</td></tr>
<tr><td>व्यक्तिगत घटना दस्तुर</td><td>500000</td><td>359440</td><td>71.89</td></tr>
<tr><td>अन्य राजस्व</td><td>79440</td><td>4909989</td><td>6180.75</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>मौज्दातः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) अनुसार वील वा वीजकको भुक्तानी गर्दा प्राविधिक नापचाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्न सक्ने उल्लेख छ । आर्थिक वर्षको अन्त्यमा देहाय अनुसार हेन्डपाइप खरिद गरी हालसम्म पनि जडान नगरी स्टोर दाखिला गरी मौज्दात राखे]को देखियो । उक्त परिमाणको निर्माण सामग्र आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>सामान</th><th>सप्लायर्स</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३८८-२०७८|३|३०</td><td>हेण्ड पम्म २०० थान</td><td>रौनक सप्लायर्स</td><td>२८६१२४९.५२</td></tr>
<tr><td>२५६-२०७८|३|११</td><td>हेण्ड पम्म ४७ थान</td><td>रौनक सप्लायर्स</td><td>९९८११६.४१</td></tr>
<tr><td>२५७-२०७८|३|११</td><td>हेण्ड पम्म ५७ थान</td><td>रौनक सप्लायर्स</td><td>९९९९११.१५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४८५९२७७.०८</td></tr>
</table></td><td>४,५५९,२७७.०८</td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.३			आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१०.४	६२	२०७८-१०-१२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरेको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी कितावमा आम्दानी बाँधी लगत अध्यावधिक गर्नु गराउनु पर्दछ ।फर्निचर तथा फिक्सचर शीर्षकबाट रू. ३७२२८१.३३ को फर्नितर बोहरा फर्निचर एण्ड इन्टरियर डेकोरियरबाट खरिद गरेको वील पेश गरेकोमा उक्त फर्निचर कार्यालयमा दाखिला गरेको पाइएन । जिन्सी दाखिलाको प्रमाण पेश गर्नु पर्ने रू.	३७२,२८१.३३
१०.५	२१	२०७८-८-२६	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । शिवभारी विद्यालय भवन निर्माणको लागि २०७६।९।२७ को सम्झौता अनुसार जिल्ला समन्वय समिति, कपिलवस्तुलाई रू. ५७ लाख भुक्तानी दिएको छ । यसरी भुक्तानी दिदा प्राविधिक नापचाँच गरी वास्तविक कार्य सम्पादनको अवस्था खुल्दैन । जिल्ला समन्वय समिति, कपिलवस्तुलाई सोझै निकासा दिएकोमा सो रकमको वील भर्पाइ तथा कार्य सम्पन्नको अवस्था पेश नभएको रू.	५,७००,०००
११			**सामाजिक सुरक्षा पेश्की** सामाजिक सुरक्षा पेश्कीः आर्थिक कार्यविधि तथ वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार पेश्की फर्छौट हुनुपर्दछ ।पालिकाले सामाजिक सुरक्षा भता वित्तरणको लागि पालिकाको देहायका बैङ्कले दोश्रो र तेश्रो चौमासिकको पेश्की	१०३,६५४,२५७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लेखापरीक्षणको मिति २०७८।१२।23 सम्म पनि फर्छयौट गरेको पाइएन ।तसर्थ देहायका बैङ्कहरुको नाममा रहेको सामाजिक सुरक्षा पेश्की नियमानुसार फर्छयौट हुनु पर्दछ रु
<table>
<tr><th>क्र सं</th><th>बैङ्कको नाम</th><th>दोश्रो र तेश्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>एन आई सी एसिया बैङ्क लि</td><td>72343388</td></tr>
<tr><td>२</td><td>ग्लोबल आई एम ई बैङ्क ली</td><td>31310869</td></tr>
<tr><td></td><td>जम्मा</td><td>103654257</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सोधभर्ना गर्नुपर्नेः

सोधभर्ना गर्नुपर्नेः कोरोना भाइरस (कोभिड-19) को उपचारमा संलग्न व्यक्तिको जोखिम भता व्यवस्थापन आदेश,2077 को दफा 6 को उपदफा 1 र 2 मा जोखिम भता व्यवस्थापन अन्तर्गत कोभिड-19 को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटाएका जनशक्तिलाई स्थानीय तहले नै जोखिम भताको व्यवस्था गर्नु पर्ने व्यव्था छ।पालिकाले संघिय सशर्त चालुको भौ.नं. १९२-078/3/2७ र भौ.नं. २१९-078/3/३० बाट पालिकाका स्वास्थ्य र प्रशासनका कर्मचारीलाई रु.१४०७५७०/- जोखिम भता वितरण गरेको देखियो।अतः पालिकाले सशर्तको अनुदानबाट जोखिम भता वितरण गरेकोले उक्त रकम सोधभर्ना गरी बेरुजु खातामा दाखिला हुनुपर्ने रु.</td><td>१,४०७,५७०</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>वितरणमुखी कार्यक्रम</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>सामान खरिद गरी मौज्दात राखेकोः प्रदेश सरकार समपुरक अनुदान शीर्षकबाट पश्चिमाञ्चल हार्डवेयर प्रा.लि.बाट २६ गेजको हेभी जस्तापाता तथा पाइप (एमएस ब्लाक) खरिद गरी रू. ८७,८४,५९०।२९ भुक्तानी खर्च लेखेको छ । आर्थिक वर्षको अन्त्यसम्म उक्त जस्तापाता र पाइप मौज्दातमा नै रहेकोले खरको छाना मुक्त कार्यक्रमको कार्यान्वयन सो आर्थिक वर्षमा नभएको हुँदा</td><td>८,७८४,५९०.२९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्च रकमको प्रभावकारिता रहेको पाइएन । उक्त परिमाणको जस्तापाता आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु. लेखापरीक्षणको क्रममा २०७८ चैत २४ गते स्थलगत निरीक्षण गर्दा पाइएको जस्ता पाताको मौज्दात	
१३.२			हेण्डपम्प वितरणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु व्यवस्था छ । यस पालिकाको विभिन्न वडामा गाउँपालिका पूँजीगत शीर्षकबाट हेण्ड पाइप वितरणमा रु. १ करोड ४७ लाख ८८ हजार बजेट खर्च गरेकोमा १६ वटा उपभोक्ता समिति मार्फत कार्य गराई रकम भुक्तानी गरेको छ । त्यसैगरी रू. १२ लाख २२ हजारको पम्प सेट खरिद गरेको छ । यसरी जडान भएका हेण्ड पाइप र पम्पसेट लाभग्राही समुदायलाई हस्तान्तरण गरेको देखिएन । नियमानुसार उपभोक्ता समितिलाइ रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी लाभग्राही समुदायलाई स्वामित्व हस्तान्तरण गर्नु पर्दछ । साथै घर परिवारको छनोटको आधार, गत विगत वर्षमा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उक्त सुविधा उपभोग गरे नगरेको अवस्था, ह्याण्ड पाइपको आवश्यकता, प्रति एकाई लागत समेत नखुलाई लेखेको खर्चको सम्बन्धमा एकीन गर्न सक्ने अवस्था छैन । वितरणमुखी खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>६-२०७७।६।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । विभिन्न १६ वटा विद्यालयहरूलाई विद्यालय रंगरोगनको लागि जग्गा खरिद तथा व्यवस्थापनको लागि देहाय अनुसार रू. ७६२५००।- भुक्तानी दिएकोमा सो जग्गा खरिदको लालपुर्जा, निर्णय, तथा वील भर्पाइ पेश नभएको रू.
<table>
<tr><th>भौ.नं. मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>३-२०७७।६।१९</td><td>रामदेव गुप्त (वानिया)</td><td>३३७५००</td></tr>
<tr><td>११४-२०७७।१२।२</td><td>वृजेश कुमार चौधरी</td><td>४२५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७६२५००</td></tr>
</table></td><td>७६२,५००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रमः कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल खर्च रु.४४७७११४।- मध्येबाट वजार सडक यातायात, कुलो मर्मत गर्ने कार्यमा सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ३६४७६९४।- खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि २३७ जनाले निवेदन दिएकामा जम्मा १४२ जना छनोट भएको प्रतिवेदन नगरपालिकाले तयार गरेको छ । पालिकका ११ वटा वडा मध्ये ९ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी पालिकाले दिएको छ । ९ वटा वडामा सञ्चालित कार्यक्रममा १४२ जनालाई दैनिक ५१७ को दरले अधिकतम् ८० दिन देखि न्यूनतम ६३ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**प्रतिवेदन पारित नभएको** **१ तलवी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) को उपदफा (२) अनुसार तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउनु नहुने कानुनी व्यवस्था रहेको छ ।पालिकाले तलबी प्रतिवेदन पारित नगरी शिक्षा तर्फ रु ७५२५७०५३ र स्वास्थ्य तर्फ रु २८९१७०१७ गरी कुल रु १०४१७४०७० खर्च लेखेको छ । ऐनमा व्यवस्थ भए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ। **२ विद्यालयको लेखापरीक्षण प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित 42 वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि पालिका अन्तर्गत सञ्चालित श्री शिव प्रताप सरस्वती माध्यमिक विद्यालय बाहेक कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन ।विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ।	
१६			**प्रमाण पेश गर्नुपर्ने** **१ कोभिड १९ स्वास्थ्य सुरक्षा व्यवस्थापन अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि पालिकामा संचालित सामुदायिक विद्यालयहरुलाई बालबिकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थि रु २०० का दरले स्वास्थ्य सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यमा खर्च गर्न अनुदान दिने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ नं १२८।२०७८।३।१९	३,७५१,७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बाट उक्त अनुदान निकासा दिएकोमा श्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयहरुले उक्त शिर्षकमा खर्च गरेको बिल भरपाई पेश गरेको पाइएन ।अतः ती विद्यालयहरुले खर्चको बिल भरापाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु २९२६४००	

क्र सं	विद्यालयको नाम	इन्टरनेट अनुदान	स्वास्थ्य सुरक्षा अनुदान	जम्मा
1.	झिन्ना माध्यमिक विद्यालय	०	७९०००	७९०००
2.	लक्ष्मणदास आ वि	१२०००	४७८००	५९८००
3.	मदरसा अरबिया अहले सुन्नत	१२०००	९०००	२१०००
4.	केवला प्रा वि	१२०००	१७०००	२९०००
5.	अमिताव प्रा वि	१२०००	४५२००	५७२००
6.	प्रा वि बरैपुर	१२०००	२४६००	३६६००
7.	भगिरथ प्रा वि	१२०००	४९६००	६१६००
8.	माध्यमिक विद्यालय भुट्टहनिया	०	११३८००	११३८००
9.	मदरसा अहलेसुन्नत नुरुलौलम	१२०००	९८००	२१८००
10.	त्रिभुवन प्रा वि अग्ली	१२०००	२०२००	३२२००
11.	मदरसा दारुसलम नि मा	१२०००	२९८००	४१८००
12.	सिद्धार्थ प्रा वि करेलिया	१२०००	२४६००	३६६००
13.	मदरसा दारुल कुरवान	१२०००	७४००	१९४००
14.	भगवान अमितानन्द प्रा वि	१२०००	१७०००	२९०००
15.	झिनकन प्रा वि सोनबरसा	१२०००	२६६००	३८६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			16.	रत्नराज्य प्रा वि	१२०००	८१०००	९३०००	
			17.	रामजानकी प्रा वि लेंगडा	१२०००	६१८००	७३८००	
			18.	पार्वती आ वि	१२०००	११८००	२३८००	
			19.	नेपाल राष्ट्रिय प्रा वि	१२०००	४०६००	५२६००	
			20.	पियुसराज आ वि	१२०००	५२०००	६४०००	
			21.	शिवपुर आ वि पल्टा	१२०००	२६६००	३८६००	
			22.	नागेश्वर प्रा वि	१२०००	१८२००	३०२००	
			23.	आ वि गैडहवा	१२०००	५४०००	६६०००	
			24.	भद्रा मा वि	०	१९९६००	१९९६००	
			25.	जानकी मा वि	०	२६८०००	२६८०००	
			26.	शोभा सामुदायिक प्रा वि	१२०००	२५०००	३७०००	
			27.	गोपाल सामुदायिक विद्यालय	१२०००	३२४००	४४४००	
			28.	सरस्वती सा वि चमरसोठ	१२०००	२२८००	३४८००	
			29.	सराजु आ वि करहवा	१२०००	२५८००	३७८००	
			30.	राधेश्याम आ वि	१२०००	४९८००	६१८००	
			31.	मदरसा अरबिया बहारुलोलुम	१२०००	१३२००	२५२००	
			32.	मदरसा गौसिया फैजुलरसुल	१२०००	५६४००	६८४००	
			33.	गरिवनिवास मदरसा पडरिया	१२०००	८४००	२०४००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			34.	मदरसा मखदुमिया असरुफुल उल्लुम	१२०००	११२००	२३२००	
			35.	मदरसा नुरुल इस्लाम प्रा वि	१२०००	१५४००	२७४००	
			36.	दूर्गाभवानी कन्या मा वि	०	१०४८००	१०४८००	
			37.	मदरसा सराउल उलुम	१२०००	१४०००	२६०००	
			38.	दशरथचन्द्र प्रा वि	१२०००	१८८००	३०८००	
			39.	प्रा वि सेमरहना	१२०००	१९८००	३१८००	
			40.	लक्ष्मी प्रा वि तेनेवी	१२०००	३८०००	५००००	
			41.	रामजानकी प्रा वि जितपुर	१२०००	३५६००	४७६००	
			42.	शिवभारी मा वि	०	१४०२००	१४०२००	
			43.	मदरसा जियाउल उल्लुम	१२०००	१८८००	३०८००	
			44.	सुब्लुसलाम मदरसा ९	१२०००	१०४००	२२४००	
			45.	मिफ्ताहुल उलुम मदरसा	१२०००	१४४००	२६४००	
			46.	मोहम्मद सलिम इस्लामिक मदरसा	१२०००	४३६००	५५६००	
			47.	फिरदोस कन्या विद्यालय	१२०००	१०४००	२२४००	
			48.	रामदुलारी प्रा वि	१२०००	३७४००	४९४००	
			49.	देव प्रताप मा वि	०	१००२००	१००२००	
			50.	किस्वतहाले सुन्नत प्रा वि	१२०००	१८८००	३०८००	
			51.	अरेबिया अहले सुन्नत फरुकिया मदरसा	१२०००	२३२००	३५२००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

52.	दूर्गाभवानी प्रा वि	१२०००	२५४००	३७४००
53.	मदरसा इसलाहुल मुसलमिनसल्फिया महाराजगंज	१२०००	२६६००	३८६००
54.	सामुदायिक प्रा वि ९ सेमरी	१२०००	१६२००	२८२००
55.	रामलखन प्रा वि बन्जारिया	१२०००	३८४००	५०४००
	जम्मा रकम	५७६०००	२३५०४००	२९२६४००

२ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। निम्नलिखित विद्यालयहरुलाई निकासा भएका दिवा खाजाको रकम खाजा खुवाएको बिल भरपाई पेश नभएकोले विद्यार्थी उपस्थितीको आधारमा खाजा खुवाएको प्रमाण सहितको बिल भरपाई पेश हुनुपर्ने रु 825300

क्र सं	विद्यालयको नाम	निकासा रकम
1.	अमिताव प्राथमिक विद्यालय	२०३४००
2.	इस्लाहुल मू प्रा वि	२०९७००
3.	मिफ्ताहुल उ अल प्रा वि	१७३७००
4.	जनचेतना सा प्रा वि	१००८००
5.	म अ सु फारुकिया ईटरोल	१०४४००
6.	मदरसा दारुल कुरान परसपुहडील	३३३००
	जम्मा रकम	८२५३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**स्यानेटरी प्याड** **स्यानेटरी प्याडः** सामुदायिका विद्यालयका कक्षा 6-12 सम्मका छात्राहरुको लागि निशुल्क स्यानेटरी प्याड वितरणको लागि पालिकाले रु १७९१३१८ को स्यानेटरी प्याड खरिद गरेकोमा देहायका व्यहोरा देखियोः (क) उक्त स्यानेटरी प्याड आर्थिक वर्ष २०७७।७८ को २०७७।१२।१९ मा संजय ट्रेड कन्सर्नसँग खरिद गरेको र लेखापरीक्षणको मिति २०७८।१२।२२ सम्म पनि स्यानेटरी प्याड भण्डारमा थन्क्याएर राखिएको पाइयो । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को परिच्छेद ३ नियम ४ मा खरिद गरिएको सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी सुरक्षीत साथ भण्डारणको व्यवस्था गरेर राख्नुपर्दछ तर मौज्दातमा रहेको सेनेटरी प्याड उचित व्यवस्थापनको अभावमा प्रयोग गर्न नमिल्ने भैसकेको पाइयो । साथै उक्त स्यानेटरी प्याडको गुणस्तर परिक्षण पनि पेश भएको पाइएन।अतः यसरी समान खरिद गरी मौज्दात राखेको र उचित व्यवस्थापनको अभावमा प्रयोग नै गर्न नमिल्ने भएकोले उक्त सामान खरिदको उपयोगिता नभएको रु १७९१३१८ (ख) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को नियम २१ मा सेनेटरी प्याड वितरण कार्यक्रम कार्यान्वयनको प्रगती विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनुपर्ने व्यास्था छ ।तर पालिकाको कुनै पनि विद्यालयले चौमासिक प्रगति विवरण पठाएको पाइएन ।कार्यविधिमा उल्लेख भएको नियमको पालन हुनुपर्दछ ।	१,७१८,३९१
१८			**असुल गर्नुपर्ने** **१ दिवा खाजा बढी निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले अनुदानको व्यवस्था गरेको छ ।नगरपालिकाले भौ नं ६१।०७७।११।१४ बाट रु ९७९५६०० दिवा खाजाको लागि निकासा	३,६४३,१२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दिएकोमा विद्यार्थी उपस्थितीको आधारमा देहायका विद्यालयहरुलाई बिल भरपाई भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम ती विद्यालयहरुबाट असुल गरी राजश्व खातामा जम्मा गर्नुपर्ने रु १३९१७९५	

क्र सं	विद्यालयको नाम	निकासा	खर्च	बढी
1.	जानकी माध्यमिक विद्यालय	२४८४००	१९७३४०	५१०६०
2.	भद्र माध्यमिक विद्यालय	३६०९००	३३९६६०	२१२४०
3.	शिवभारी माध्यमिक विद्यालय	१४२२००	७६६५५	६५५४५
4.	झिन्ना माध्यमिक विद्यालय	२४९३००	२१४१४०	३५१६०
5.	नेपाल राष्ट्रिय नि मा वि	१४२२००	१३२७२०	९४८०
6.	राष्ट्रिय नि मा वि कजरहवा	२३६७००	२०१३७५	३५३२५
7.	प्युसराज नि मा वि	१८१८००	१६३६२०	१८१८०
8.	दारुस्सलाम नि मा वि	१३५०००	११९७१५	१५२८५
9.	प्राथमिक विद्यालय बरईपुर	११०७००	८३७९०	२६९१०
10.	भगीरथी प्राथमिक विद्यालय	२२३२००	१७६४४५	४६७५५
11.	गौतमबुद्ध प्रा वि विजयनगर	१७३७००	१४४३९०	२९३१०
12.	केवाल प्रा वि	७६५००	६७६०५	८८९५
13.	सिद्धार्थ प्रा वि	१११६००	८९५८०	२२०२०
14.	त्रिभुवन प्रा वि	९०९००	७२६३०	१८२७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			15.	फजलेरहमानिया प्रा वि	१५४८००	१३०८१५	२३९८५	
			16.	ने रा प्रा वि औरहवा	१९५३००	१८४२३०	११०७०	
			17.	प्रा वि शिवपुर पल्टा	११९७००	१०४७९०	१४९१०	
			18.	गोपाल सा प्रा वि	१४५८००	९८५२०	४७२८०	
			19.	सरस्वती प्रा वि चमरसठ	११३४००	९९९६०	१३४४०	
			20.	सरस्वती प्रा वि पचेहरी	७३८००	५८१२५	१५६७५	
			21.	शोभा सा प्रा वि	११४३००	१०६५९०	७७१०	
			22.	सारजु सा प्रा वि	१२०६००	९०५१०	३००९०	
			23.	गौ फैजुलरसुल मू पा वि	२२६८००	२०५६२०	२११८०	
			24.	महेबुब मेमोरियल प्रा वि	१५१२००	१४६४७५	४७२५	
			25.	मदरसा नुरुल इस्लाम प्रा वि	१०८९००	१०१६५५	७२४५	
			26.	प्रा वि सेमरहना	९२७००	७५२४०	१७४६०	
			27.	राम जानकी प्रा वि	१६४७००	१३६१२५	२८५७५	
			28.	दशरथ चन्द्र प्रा वि	८४६००	७३४२५	१११७५	
			29.	लक्ष्मी सा प्रा वि	१८००००	१३१७३०	४८२७०	
			30.	मो सा इस्ला ए आ वि	१८००००	१२५५५०	५४४५०	
			31.	बालकल्याण सा प्रा वि	७२०००	५२२७५	१९७२५	
			32.	सुबुलुस्सलाम प्रा वि	४६८००	४०१७०	६६३०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			33.	सा प्रा वि सेमरी	७२९००	५१८७०	२१०३०	
			34.	म मफ्ताहुल उलुम प्रा वि	९५४००	७९४४०	१५९६०	
			35.	म जियाउल उलुम प्रा वि	८४६००	७६५३०	८०७०	
			36.	झिनकन प्रा वि	११९७००	६३१२०	५६५८०	
			37.	चुडा कुमारी सा प्रावि	१५८४००	१२३०६०	३५३४०	
			38.	गौतमबुद्ध प्रा वि खढैचा	९८१००	८२०८०	१६०२०	
			39.	राम दुलारी प्रा वि	१८००००	१६३७८५	१६२१५	
			40.	दूर्गाभवानी प्रा वि	१२४२००	१००७४०	२३४६०	
			41.	राम लखन प्रा वि	१५३०००	१३६६५५	१६३४५	
			42.	किसवत अहले सु प्रा वि	८७३००	७७४००	९९००	
			43.	भगवान अमित नन्द प्रा वि	८३७००	६५४७५	१८२२५	
			44.	म सारउल उलुम आ वि	६३०००	५५७१०	७२९०	
			45.	मदरसा अरबिया अहले सून्नत नूरुल	४४१००	२४८१०	१९२९०	
			46.	मदरसा गरिब नवाज	३७८००	३४४००	३४००	
			47.	माध्यमिक विद्यालय बुटहनिया	२७२७००	१९५७५०	७६९५०	
			48.	रत्नराज्य लक्ष्मी आ वि	२६७३००	२४००००	२७३००	
			49.	म अ सु बहरुल उलुम आ वि	८६४००	५२४७०	३३९३०	
			50.	राधेश्याम नि मा वि	१७२८००	१५२६४०	२०१६०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

51.	नागेश्वर प्रा वि	८१९००	७२३४५	९५५५
52.	मोहम्मद मक्दुमिया प्रा वि	५०४००	४३६८०	६७२०
53.	लक्ष्मणदास नि मा वि	१६७४००	१३९५००	२७९००
54.	जनता माध्यमिक विद्यालय	२७००००	२२५०००	४५०००
55.	फरदोस कन्या विद्यालय सेमरी	४६८००	३६३४०	१०४६०
56.	म अ अ सुन्नत मिसबाहुल उलुम	४०५००	३५७७५	४७२५
57.	राम जानकी आ वि लेंगडा	२५११००	२१३४३५	३७६६५
58.	देव प्रताप मा वि माधवनगर	२६४६००	२३३७३०	३०८७०
59.	पार्वती आ वि सतभरा	५४९००	४८४९५	६४०५
	जम्मा रकम	**८२५७५००**	**६८६५७०५**	**१३९१७९५**

२ CUG सेवाको लागि भुक्तानीः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि शिक्षक तथा विद्यार्थीहरुलाई CUG सेवामा आवद्ध गर्न स्थानिय तहका सामुदायिक विद्यालयमा अध्धयनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको वास्तविक संख्या यकिन गरी प्रति विद्यार्थी रु. १२५ का दरले ३ महिनाको लागि हुन आउने रकम विद्यालयलाई अनुदान दिने व्यवस्था छ ।पालिकाले भौ नं १७०।२०७८।३।२३ बाट देहायका विद्यालयहरुलाई CUG अनुदान उपलब्ध गारएकोमा श्रेस्ता परीक्षण गर्दा विद्यालयहरुले उक्त कार्यक्रम नै नगरी रकम बुझेको पाइयो।तसर्थ CUG सिम खरिद गरेको भन्दा बढी निकासा भएको र कार्यक्रम नै नगरेको विद्यालयहरुबाट बढी निकासा रकम असुल गर्नुपर्ने रु २२४१३२५

क्र सं	विद्यालयको नाम	निकासा	खर्च	बढी

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			1.	जानकी माध्यमिक विद्यालय	४४५५००	-	४४५५००	
			2.	जनता माध्यमिक विद्यालय	१४२५००	११८७५३	२३७४७	
			3.	भद्र माध्यमिक विद्यालय	२९१७५०	-	२९१७५०	
			4.	शिवप्रताप माध्यमिक विद्यालय	१५४१२५	६५७५०	८८३७५	
			5.	रत्नराज्य प्रा वि	७६५००	-	७६५००	
			6.	शिवभारी माध्यमिक विद्यालय	२२६८७५	-	२२६८७५	
			7.	अमिताव प्राथमिक विद्यालय	२७०००	-	२७०००	
			8.	झिन्ना माध्यमिक विद्यालय	८५५००	-	८५५००	
			9.	राष्ट्रिय नि मा वि कजरहवा	४१६२५	३७५२१	४१०४	
			10.	प्युसराज नि मा वि	४५३७५	-	४५३७५	
			11.	प्राथमिक विद्यालय बरईपुर	१५७५०	-	१५७५०	
			12.	भगीरथी प्राथमिक विद्यालय	२७७५०	-	२७७५०	
			13.	गौतमबुद्ध प्रा वि विजयनगर	२३६२५	२३२०९	४१६	
			14.	केवाल प्रा वि	५६२५	-	५६२५	
			15.	त्रिभुवन प्रा वि	७१२५	-	७१२५	
			16.	फजलेरहमानिया प्रा वि	१५३७५	-	१५३७५	
			17.	ने रा प्रा वि औरहवा	२०२५०	-	२०२५०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			18.	प्रा वि शिवपुर पल्टा	१३८७५	-	१३८७५	
			19.	गोपाल सा प्रा वि	१४६२५	-	१४६२५	
			20.	सरस्वती प्रा वि चमरसठ	११६२५	-	११६२५	
			21.	शोभा सा प्रा वि	१२७५०	-	१२७५०	
			22.	सारजु सा प्रा वि	१५०००	-	१५०००	
			23.	गौ फैजुलरसुल मू पा वि	४३५००	-	४३५००	
			24.	महेबुब मेमोरियल प्रा वि	१३८७५	-	१३८७५	
			25.	प्रा वि सेमरहना	९७५०	-	९७५०	
			26.	राम जानकी प्रा वि लेंगडा	३५६२५	-	३५६२५	
			27.	दशरथ चन्द्र प्रा वि	९०००	-	९०००	
			28.	लक्ष्मी सा प्रा वि	१६८७५	-	१६८७५	
			29.	बालकल्याण सा प्रा वि	१३८७५	६५७५	७३००	
			30.	म मफ्ताहुल उलुम प्रा वि	२०२५०	-	२०२५०	
			31.	झिनकन प्रा वि	१३८७५	-	१३८७५	
			32.	चुडा कुमारी सा प्रा वि	३२६२५	३२४९२	१३३	
			33.	गौतमबुद्ध प्रा वि खढैचा	७८७५	-	७८७५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

34.	आधारभुत विद्यालय गैडहवा	५७७५०	-	५७७५०
35.	दूर्गाभवानी प्रा वि	१२०७५०	-	१२०७५०
36.	राम जानकी प्रा वि जितपुर	१८०००	-	१८०००
37.	मदरसा अरबिया अहलेसून्नत नूरुल	१४२५०	-	१४२५०
38.	मदरसा दारुसलिम निमा मुजेहानी	२३६२५	-	२३६२५
39.	माध्यमिक विद्यालय बुटहनिया	१३२३७५	-	१३२३७५
40.	राधेश्याम नि मा वि	४५०००	-	४५०००
41.	नागेश्वर प्रा वि	१२०००	-	१२०००
42.	लक्ष्मणदास नि मा वि	४०५००	-	४०५००
43.	देव प्रताप मा वि माधवनगर	१२४१२५	-	१२४१२५
	जम्मा रकम	२५२५६२५	२८४३००	२२४१३२५

३ दोहोरो पोषाक भताः नगरपालिका अन्तर्गत संचालित जानकी माध्यमिक विद्यालयमा पालिकाले समानिकरण अनुदानबाट तलब भता दिने गरी स्वयम सेवक राज कुमार चौधरीलाई नियुक्त गरेकोमा निजको पोषाक भता रु १०००० समानिकरण र सशर्त दुबैबाट भुक्तानी दिएकोले दोहोरो भुक्तानी पोषाक भता निजबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु १००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**महोत्सव तथा अन्य खर्च**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			महोत्सव तथा अन्य खर्च - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु २१६१००० खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
२०			**मालसामानको गुणस्तर परीक्षण**	
२०.१			मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः - कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । - देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः	

गो.भौ. र मिति	मालसामानको नाम	बिक्रेता	भुक्तानी रकम
९-२०७७।७।२	युपीएस, पंखा	ग्लोरियस कम्प्युटर एण्ड इलेक्ट्रोनिक	२३५८००
१०-२०७७।७।२	मेशिनरी तथा औजार	,,	४५३५००
१३-२०७७।७।१९	फर्निचर तथा फिक्चर्स	अर्जुन एण्ड राज फर्निचर	८८६५२.८२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६०-२०७७।१०।११</td><td>,,</td><td>आवास आल्मिनयम एण्ड स्टिल</td><td>४३०१४४.१६</td></tr>
<tr><td>५९-२०७७।१०।११</td><td>,,</td><td>बोहरा फर्निचर एण्ड इन्टरियर</td><td>४३५०५०</td></tr>
<tr><td>५८-२०७७।१०।११</td><td>,,</td><td>बोहरा फर्निचर एण्ड इन्टरियर</td><td>४७३३५७</td></tr>
<tr><td>३५२-२०७८।३।२९</td><td>एसी, ल्यापटप</td><td>ग्लोरियस कम्प्युटर एण्ड इलेक्ट्रोनिक</td><td>३९७०००</td></tr>
<tr><td>३६०-२०७८।३।२९</td><td>मेशिनरी तथा औजार</td><td>ग्लोरियस कम्प्युटर एण्ड इलेक्ट्रोनिक</td><td>३३७१२५</td></tr>
<tr><td>३६८-२०७८।३।१७</td><td>यूपीएस, बेट्री</td><td>ग्लोरियस कम्प्युटर एण्ड इलेक्ट्रोनिक</td><td>४९७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । देहाय अनुसारका योजनाको काममा PCC 1:1.5:3 for RCC कार्य गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट काम गराएकोमा सो कामको ल्याव टेष्ट रिपोर्ट पेश नभएकोले कामको गुणस्तर सम्बन्धमा एकीन गर्न नसकिएको रू.
<table>
<tr><th>भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>कूल भुक्तानी रकम</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३३५-२०७८।२५</td><td>बरगदा मस्जिद मर्मत</td><td>५१८१८७.७</td><td>१५.०४</td><td>१४६१०</td><td>२१९७४४.९३</td></tr>
<tr><td>३३९-२०७८।३।२५</td><td>रामजानकी मन्दिर</td><td>३७१०९७.११</td><td>१०.२४</td><td>१४७३२.२४</td><td>१५०८५८.१४</td></tr>
<tr><td>१८४-२०७८।१।३</td><td>समयमाईथान निर्माण</td><td>३०००००</td><td>९.७९</td><td>१४६१०.७</td><td>१४३०३८.७५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५१३६४१.८२</td></tr>
</table>
</td><td>५१३,६४२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**प्रोत्साहन** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई प्रोत्साहन भत्ता खर्च गर्नु नियमसंगत नदेखिएको रु	२,४९९,३७२
२२			**कानून निर्माण र कार्यान्वयन**	
२२.१			**कानून र सञ्चालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ४ वटा नियमावली, १४ वटा कार्यविधि, १ वटा निर्देशिका समेत ३७ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यसरी निर्माण भएका कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ । तोकिएका सबै कानूनहरू बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ । **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले कृषि औजारलगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बीउ र हेण्ड पम्प वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा पालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
२२.२			न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १८ र यो बर्ष थप भएको १७ गरी कुल ३१ विवाद दर्ता भएकोमा २४ वटा मात्र फछ्र्यौट भई ७ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२३			**आन्तरिक नियन्त्रण प्रणाली**	
२३.१			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रू. ५ करोड ५३ लाख ७७ हजार, पूँजीगत खर्च खाताबाट रू. ५१ लाख २० हजार र विभान्सय कोषमा रू. १८ लाख ४७ हजार समेत गरी जम्मा रू. ६ करोड २३ लाख ४४ हजार मिति २०७८ भदाै २१ गते मूल संचित कोषमा ट्रान्सफर गरेको छ । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५४ जनाको दरबन्दी रहेकोमा ३२ पद रिक्त पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. १५२७७३१३.४० तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२३.२			सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सिफारिस पत्र सफ्टवेयर खरिद गरी रु. ४९०४२० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ को कार्यान्वयन गरी सफ्वेयर प्रयोग गर्नुपर्दछ ।	
२३.३			म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।	
२३.४			म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो ।कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.५			बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ - बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेकाे पाइएन । यसमा सुधार हुनु पर्दछ ।	
२३.६			सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १८ वटा ऐन, ५ वटा नियमावली र १३ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ४५११ वटा, मृत्यु दर्ता ३९६ वटा, बसाइँसराइ ५६ वटा, विवाह दर्ता १०९६ वटा, सम्बन्ध विच्छेद दर्ता २ वटा गरेको विवरण प्राप्त भएको छ पूर्र । सडक कालोपत्रे निर्माण ४ कि.मि., कालोपत्रे सडक मर्मत २.२ कि.मि., ग्राभेल सडक निर्माण सडक ८ कि.मि. र ग्राभेल सडक मर्मत २०।७५ कि.मि. रहेको छ ।	
२४			**सम्पत्ति उपयोग र संरक्षण**	
२४.१			सम्पत्ति हस्तान्तरण :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
२४.२			सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
२४.३			कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	१,५००,०००
२५			**बजेट तथा कार्यक्रम**	
२५.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम नगरेको छ । यस स्थानीय तहमा उपप्रमुख श्री शुभावती कुर्मीले मिति २०७७।३।१० गते रू. ९७ करोड १३ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१८ गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
२५.२			अबण्डा बजेट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५ करोड अबण्डा राखेको छ । उक्त अबण्डा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रकमबाट चालुतर्फबाट ५० लाख र पुजीगततर्फ ४ करोड ५० लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
२५.३			बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२५.४			बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
२५.५			बैंक हिसाब मिलान नगरेको - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको	१८,२७३,९७७.१८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>संचित कोष</td><td>३५६०३६२.७२</td><td>११६७२७९.८५</td><td>2393082.87</td></tr>
<tr><td>विविध कोष खाता</td><td>1807112.46</td><td>१८०७११२.४६</td><td>0.00</td></tr>
<tr><td>विपद् व्यवस्थापन कोभिड</td><td>१०७९६२२४.३४</td><td>१८४८०८२.२३</td><td>8948142.11</td></tr>
<tr><td>पूँजीगत खाता</td><td>२९९९००१५.९८</td><td>२२१९७७०७.७३</td><td>7792308.25</td></tr>
<tr><td>धरौटी खाता</td><td>१४८७२७३३.१५</td><td>१३६७४७९३.७५</td><td>1197939.40</td></tr>
<tr><td>चालू खाता</td><td>६०६०९४३३.४८</td><td>६२६६६९२८.९३</td><td>-2057495.45</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>18273977.18</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुलखर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>58488085</td><td>35605978.3</td><td>4.59</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>339847000</td><td>266273630</td><td>34.36</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

पूर्वाधार विकास क्षेत्र	365515000	255283105	32.94
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	71275000	47987020.4	6.19
कार्यालय सञ्चालन तथा प्रशासनिक	179931047.2	169766192	21.91
जम्मा	1015056132	774915925	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ३४.३६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ६.१९ प्रतिशत रहेको छ । पालिकाले वार्षिक बजेटको तुलनामा क्षेत्रगत बजेटमा खर्च गरी ७६.३४ प्रतिशतमात्र वित्तीय प्रगति हासिल गरेको छ ।</td><td></td></tr>
<tr><td>२५.७</td><td></td><td></td><td>प्रगति प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत वार्षिक रु. ३७ करोड १२ लाख २८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ४६ लाख ६६ हजार अर्थात १.२६ प्रतिशत दोश्रो त्रैमासिकमा रु. ५ करोड १३ लाख ८८ हजार अर्थात १३.८४ प्रतिशत र तेश्रो त्रैमासिकमा रु. ८ करोड ९६ लाख ३८ हजार अर्थात २४.१५ प्रतिशत र चौथो त्रैमासिकमा रू. २२ करोड, ५५ लाख ३६ हजार अर्थात ६०.७५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नै असार महिनामा मात्र रु. १४ करोड ९६ लाख ९९ हजार अर्थात ४०.३३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।	
२५.८			स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२६			**वित्तीय विवरण**	
२६.१			वित्तीय विवरण-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू. १९६८६०१३.०१ ले फरक देखिएको छ । नगरपालिकाले बैंक समायोजन हिसाब तयार गरी चेक साट्न वाँकी रहेको विवरणा तयार गरी हिसाब फरक परेको कारण पेश गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२६.२			कन्टिन्जेन्सी खर्चको अभिलेख: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ६६ लाख ४ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. ४१ लाख ८९ हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
२६.३			अनुदान फिर्ता - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७८ असार मसान्तमा संघ तर्फ रू. 63065673.39 र प्रदेश तर्फ रू. 5419084.41 अनुदान खर्च नभई बाँकी रहेकोमा संघ तर्फ रू. 56079388.82 र प्रदेश तर्फ रू. 3101084.41 फिर्ता गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तुबाट प्राप्त विवरण अनुसार संघ तर्फ रू. ६९८६२८४.५७ र प्रदेश तर्फ रू. २३१८००० समेत रू. ९३०४२८४.५७ फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु	९,३०४,२८५